# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


विषयः स्वयंसेवक शिक्षक आवश्यकता सम्बन्धी सूचना।

दोस्रो पटक प्रकाशित मितिः २०८०।०९।०३

घोराही उप-महानगरपालिकाअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकको अभावका कारण पठनपाठनमा देखिएको समस्या तत्काल समाधानका लागि स्वयंसेवक शिक्षक पदपूर्ति गर्न योग्य उम्मेदवारहरूबाट मिति २०८०।०८।१४ गते पन्ध्र दिनको म्याद राखी विज्ञापनको सूचना प्रकाशित गरिएकोमा तपसिल बमोजिमको तह, विषय र संख्यामा पर्याप्त मात्रामा आवेदन पेस नभएकोले सात दिनको म्याद थप गरी पुनः दरखास्त आह्वान गरिएको छ ।

तपसिल

| क. सं | तह | विषय | आवश्यक संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | आधारभूत कक्षा ६-८ | अंग्रेजी | ५ | *मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा दश महिने तालिम लिएको । |
| | | विज्ञान तथा प्रविधि | ६ | |
| | | गणित | १ | *निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको (संस्कृत विषयमा प्रविणता प्रमाणपत्र वा सो सरहको योग्यता भएका व्यक्तिले नेपाली विषयमा स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको भएपनि योग्य मानिने । खेलकुद र संस्कृत विषयको हकमा अध्यापन अनुमति पत्र अनिवार्य नहुने) |
| | | गणित विज्ञान | ७ | *खेलकुद शिक्षकको हकमा जुनसुकै विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी खेलकुदसम्बन्धी सरकारी मान्यता प्राप्त संस्थाबाट न्यूनतम एक महिनाको प्रशिक्षण लिएको |
| | | संस्कृत | १ | |
| | | खेलकुद | ३ | |
| २ | माध्यमिक कक्षा ९-१० | नेपाली | १ | *मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा दश महिने तालिम लिएको । विज्ञान तथा प्रविधि विषयको हकमा दश महिने तालिम अनिवार्य हुने छैन। |
| | | विज्ञान तथा प्रविधि | २ | *माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको |
| | | सामाजिक अध्ययन | १ | |

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

उम्मेदवारमा हुनुपर्ने न्यूनतम न्यूनतम साझा योग्यता :
(क)नेपाली नागरिक हुनु पर्ने
(ख)दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्ने
(ग)कुनै पनि फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको
(घ)कुनै पनि राजनैतिक दलको क्रियाशील वा संगठित सदस्य नरहेको

उम्मेद्वारले पेस गर्नुपर्ने कागजातः
(क)नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ख)न्यूनतम शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ग)स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि
(घ)हालसालै खिचेको पासपोर्ट आकारको फोटो टाँस गरेको अनुसूची.१ बमोजिमको आवेदन फाराम
(ङ)फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको र राजनैतिक दलको क्रियाशील वा संगठित सदस्य नरहेको सम्बन्धमा उम्मेद्वार स्वयंले गरेको स्वःघोषणासहितको निवेदन
(च)माध्यमिक तहको लागि रु. १००० र आधारभूत तहका लागि रु. ७०० परीक्षा दस्तुर उप-महानगरपालिकाको राजस्व शाखामा जम्मा गरेको सक्कल रसिद

**नोटः सम्पूर्ण कागजातको प्रतिलिपि उम्मेद्वार स्वयंले सक्कलबमोजिम नक्कल ठीक छ भनी प्रमाणित गर्नु पर्नेछ ।**

परीक्षा तथा सेवा सुविधासम्बन्धी प्रावधानः
(क)परीक्षाको माध्यम लिखित तथा मौखिक हुनेछ र आवश्यक परेको खण्डमा प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ।
(ख)परीक्षा केन्द्रसम्बन्धी सूचना र उम्मेदवारको अन्तिम नामावली दरखास्त पेस गर्ने म्याद सकिएपछि उप-महानगरपालिकाको वेबसाइटमा प्रकाशित गरिनेछ ।
(ग)शिक्षक सेवा आयोगले निर्धारण गरेको सम्बन्धित तहको विषयगत तर्फको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन गरिनेछ।
(घ)स्वयंसेवक शिक्षकले घोराही उप-महानगरपालिकाको स्वयंसेवक शिक्षक नियुक्तिसम्बन्धी कार्यविधि २०८० को दफा १३ बमोजिमको सेवा सुविधा पाउने छन् ।
(ङ)दरखास्त पेस गर्ने स्थानः घोराही उप-महानगरपालिकाको सामाजिक विकास महाशाखा
(च)दरखास्त पेस गर्ने अन्तिम मितिः२०८०।०९।०९ गते कार्यालय समयभित्र
(छ) परीक्षा मितिः माध्यमिक तहको मिति २०८०।०९।२० गते बिहान ११ बजे र आधारभूत तहको मिति २०८०।०९।२१ गते बिहान ११ बजे

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
नेपाल

अनुसूची १

## स्वयंसेवक शिक्षकहरुले पेश गर्ने आवेदन फाराम

(क) उम्मेदवारले सेवा गर्न चाहेको तह र विषयको प्राथमिकताक्रमको विवरण : (✓)लगाउने

| तह : | विषय : |
|---|---|
| आधारभूत तह (६-८) (.......)<br>माध्यमिक तह(९-१०) (.......) | अंग्रेजी : (..............)<br>गणित : (..............)<br>विज्ञान तथा प्रविधि : (..............)<br>नेपाली: (..............)<br>सामाजिक तथा मानव मुल्य शिक्षा: (..............)<br>गणित/विज्ञान (..............)<br>उर्दु (..............)<br>संस्कृत (..............)<br>खेलकुद (............) |

(ख) स्वयंसेवक शिक्षकहरुको वैयक्तिक विवरण :

| | | | |
|---|---|---|---|
| उम्मेदवारको : | नाम थर : | देवनागरीमा : | |
| | | अंग्रेजी ठूलो अक्षरमा : | |
| | नागरिकता नं: | जारी गर्ने जिल्ला : | जारी मिति : |
| स्थायी ठेगाना : | जिल्ला : .................. | गा.पा./ न.पा. : | वडा नं. : |
| | टोल : | मोबाइल नं / इमेलः | |
| बुवाको नाम थर | | आमाको नाम थर : | |
| बाजेको नाम थर: | | पति वा पत्नीको नाम थर: | |
| जन्म मिति : | वि. सं. | इ. सं. | ........वर्ष –...महिना |

(ग) शैक्षिक योग्यता र तालिमसम्बन्धी विवरण : (न्यूनतम र माथिल्लो शैक्षिक योग्यतामात्र उल्लेख गर्ने)

| शैक्षिक योग्यता/ तलिम | विश्वविद्यालय / बोर्ड / संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/ प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) अध्यापन अनुमति पत्र र खेलकुद प्रशिक्षणसम्बन्धी विवरणः

| तह/अवधी | अध्यापन अनुमति पत्र नं | खेलकुद प्रशिक्षण दिने संस्थाको नाम ठेगाना |
|---|---|---|
| | | |

उम्मेदवारको सहीछाप :

| दायाँ | बायाँ | हस्ताक्षर : | मिति : |
|---|---|---|---|
| | | | |